जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २९० २०७९ साल असार १५ गते बुधबार (29 June 2022 Wednesday) मूल्य रु. ५/-

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : हैजा बिरामी बढेसँगै... ३ पृष्ठमा : धान दिवस : २७ अर्बको ... ३ पृष्ठमा :वार्ताबाट युक्रेन युद्ध टुङग्याउन...

# सप्तरीका पाँच पालिकाले सभा गर्न सकेनन्

**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

सप्तरीका १८ वटा स्थानीय तहमध्ये १३ वटा पालिकाले मात्र गाउँसभा सम्पन्न गरेका छन् । ५ वटाले अझै सभा सम्पन्न गर्न सकेका छैनन् ।

सप्तरीको सप्तकोशी नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, बोदेबर्साइन नगरपालिका, महादेवा गाउँपालिका र बलान विहुल गाउँपालिकाले गाउँसभा गर्न सकेका छैनन् ।

आर्थिक वर्ष २०७९/०८० को बजेट, नीति तथा कार्यक्रम पारित गर्दै शुक्रबार एकसाथ १३ वटा स्थानीय तहले गाउँ तथा नगर सभा सम्पन्न गरेका हुन् ।

यता नगर तथा गाउँसभा गर्न नसकेका पाँच स्थानीय तहले भने गाउँ/नगर सभाको मितिसमेत तय गर्न सकिरहेका छैनन् ।

यस्तै मधेस प्रदेशका अधिकांश पालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमसँगै बजेट ल्याए पनि २३ वटा पालिकाले भने निर्धारित समयमा विभिन्न कारण देखाउँदै नीति तथा कार्यक्रम एवं बजेट ल्याउन सकेनन् ।

मधेस प्रदेशका १ सय १३ पालिकाले शुक्रबार नै बजेट ल्याइसकेका छन् । अन्यले भने दलीय विवाद, प्रमुख कार्यकारी अधिकृत नहुनु र योजना छनोटमा ढिलाइ भएका कारण समयमै नगर तथा गाउँसभा गर्न नसक्दा नीति तथा कार्यक्रम र बजेट ल्याउन नसकेको जनाएका छन् ।

# चुरे जोगाउन वन कार्यालयद्वारा बिरुवा रोपिदै



**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

डिभिजन वन कार्यालय सप्तरीले चुरेक्षेत्र संरक्षणका लागी एकिकृत योजना तयार गरी चुरेक्षेत्रमा बिरुवा रोप्ने अभियान चलाएको छ ।

राष्ट्रिय वृक्षारोपण दिवसको अवसर पारेर मंगलवारदेखी डिभिजन वन कार्यालयले चुरे क्षेत्रमा बिरुवा रोप्ने अभियान शुरु गरेको हो ।

मंगलबार सप्तरीको शम्भुनाथ नगरपालिका ७ स्थित देवदह खोला छेउमा रहेको सरहा र वैयरवन वनक्षेत्रमा २ हजार भन्दा बढी बिरुवा रोपेर अभियानको शुभारम्भ गरेको छ ।


डिभिजन वन कार्यालय सप्तरी प्रमुख हेमन्त साह, वन कर्मचारी, सराहा सकसल सामुदायीक वन र वयरवन सामुदायीक वनका पदाधीकारी, संचारकर्मी तथा सरोकारवालको सहभागिताकामा २ वर्षे कलमी बाँस र महगनीका गरी २ हजार बिरुवा रोपिएको हो ।

त्यस क्षेत्रमा सामुदायीक वनलाई सकृय समेत बनाएर चुरे क्षेत्र, वन, वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्न एकिकृत योजना तयार गरी पहिलो चरणमा वन क्षेत्र घेरवार र बिरुवा रोप्ने अभियान चलाइएको डिभिजन प्रमुख साहले बताए ।

सप्तरीको कुल क्षेत्र मध्ये २१ हजार १ सय ३६ हेक्टर जमिन वन क्षेत्रमा पर्दछ । जिल्लामा वन क्षेत्र कम रहेकाले खाली रहेको निजी सार्वजनिक जग्गामा समेत वृक्षारोपण गर्नु आवश्यक रहेको उनको भनाई छ ।

उनले उक्त अभियान अर्न्तगत ६ हेक्टर जग्गामा विभिन्न प्रजातीका तथा हटस्पट ट्रिटमेन्ट अन्तर्गत ३५ हेक्टर जग्गामा बाँस, महगनी, अमला लगायतका प्रजातीका गरी २६ हजार विरुवा रोप्ने लक्ष्य लिइएको जानकारी दिए ।

# माओवादी केन्द्र सप्तरीमा कोही पनि अध्यक्ष छैनन् : इन्चार्ज मण्डल



नेपाल कमनियुष्ट पार्टी(माओवादी केन्द्र)
Commenist Party of Nepal (Maoist Centre)

च. नं: ०७९/८०
द. नं: ३३४......

मिती: २०७९ /०३/ १४

विषय : प्रेस विज्ञप्ती ।

देशमा भएको आमुल परिर्वतनमा हाम्रो गौरवशाली पार्टी नेकपा (माओवादी केन्द्र) को भुमिका महत्वपूर्ण रहेको सर्वविदितै छ । सोही अनुसार देशमा भएको दोस्रो स्थानीय तहको निर्वाचनले एउटा नयाँ सुरुवात गरिएको छ । त्यसमा हाम्रो पार्टीले खेलेको भुमिका अनुसार स्थानिय तहको निर्वाचन बाट आएको परिणाम हामीले सहर्ष स्वीकार्नु-पर्दछ । साथै परिणाम अनुसार नगरपालिका को वोर्ड चुनावमा उमेदवार को वारेमा छलफल नगर्ने अहिले जिल्ला समन्वय समितिमा उमेदवार उठाँउने तर पार्टीको जिल्ला समन्वय समितिमा समन्वय नगरी मनपरि एक्लौटि ढंगले उमेदवार धोषणा गर्ने गठवन्धन भित्रका पार्टी अध्यक्ष र नेतृत्वहरु लाई तथानाम गाली गलौजको भाषा समाजिक संजालमा आएकोले म पार्टी इन्चार्ज को ध्यान आकर्षण भएको छ । यस्ता गतीविधी तुरुन्त वन्द गर्न निर्देशन गर्दछु ।

स्मरण रहोस कि सम्पूर्ण गठवन्धन भित्रका नेतृत्व नेता अध्यक्ष महोदयहरु लाई आपिल गर्दछु कि हाम्रो पार्टी मा अहिले कुनै अध्यक्ष छैन । साथै गठवन्धन दलहरुको कुनै वैठक छलफल मा सिधै जिल्ला इन्र्चाज सँग समन्वय गरी राजनैतिक छलफल गर्ने वातावरण वनाउन अनुरोध गर्दछु ।

अमर मंडल
जिल्ला इन्र्चाज
सप्तरी

**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

नेकपा (माओवादी केन्द्र) सप्तरीमा हाल कोही पनि अध्यक्ष नरहेको सो पार्टीले जनाएको छ ।

सप्तरी जिल्ला इन्चार्ज अशोक कुमार मण्डल (अमर) ले मंगलबार एक प्रेस विज्ञप्ति जारि गर्दै सो जानकारी गराएका हुन् ।

केन्द्रिय सदस्य समेत रहेका इन्चार्ज मण्डलले विज्ञप्तिमार्फत अध्यक्ष पद रिक्त नै रहेकाले सत्तारुढ दलका गठबन्धनमा रहेका अन्य दललाई समेत कुनै बैठक वा छलफल गर्नुपरे सोझै जिल्ला इन्चार्जको हैसियतमा रहेको आफूसँग समन्वय र छलफल गर्न अनुरोध गरेका छन् ।

हालै सम्पन्न जिल्ला समन्वय समितिको निर्वाचनमा आफूलाई नेकपा (माओवादी केन्द्र) को अध्यक्ष भनेर पार्टीभित्र कुनै छलफल नै नगरि एक व्यक्तिले एकलौटी ढंगले उम्मेदवारी घोषणा गर्न लगाएको, गठबन्धनको नीति र सहमति विपरित काम गरेको र निर्वाचन परिणाम आएपछि सत्तारुढ गठबन्धन भित्रका दलहरुको नेतृत्वप्रति सामाजिक संजालमार्फत अभद्र टिकाटिप्पणी र गालीगलौज जस्ता अमर्यादित क्रियाकलापप्रति पार्टीको गम्भिर ध्यानाकर्षण भएको जारि विज्ञप्तिमा उल्लेख छ ।

# मलमूत्र खुवाएको आरोपमा दुई महिला पक्राउ

लहान,१४ असार (रासस)।

बोक्सी भन्दै छिमेकी एक महिलालाई मलमूत्र खुवाएको आरोपमा सिरहा प्रहरीले दुईजना महिलालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सिरहाको भगवानपुर गाउँपालिका-४ ठाडी निवासी ३० वर्षीया फुलोदेवी साह र ५५ वर्षीया कोशिला साह रहेको प्रहरीले जनाएको छ ।

गत शनिबार स्थानीय ६० वर्षीया आतिकादेवी कामैतलाई बोक्सी भन्दै मलमूत्र खुवाएको आरोपमा दुवै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय

***बाँकी अन्तिम पृष्ठमा***

# सुशासन तथा जनमैत्री प्रशासनका लागि सूचनाको हक महत्वपूर्ण




**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

मधेश प्रदेशका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले दूरदर्शिता, जवाफदेहिता, जनमैत्री शासन एवं सुशासनका लागि सूचनाको हकको पूर्ण कार्यान्वयन गर्न प्रदेश सरकार तयार रहेको बताएका छन् ।

मंगलवार राजबिराजमा आमसंचार प्राधिकरणद्वारा ५ दिने पत्रकारिता तालिमको समापन कार्यक्रममा बोल्दै मन्त्री साहले सूचनाको हक प्रवर्द्धनमा मधेश प्रदेश सरकार र स्थानीय तहले सूचनाको हक कार्यान्वयन गर्नेबाट कोही पनि भाग्न नमिल्ने बताउँदै यसको कार्यान्वयनका लागि प्रदेश सरकार तयार रहेको उल्लेख गरे ।

उनले प्रमुख शासक सुशासन स्थापनाका लागि ईमान्दार नभएसम्म मुलुकमा सुशासन कायम गर्न कठिन हुने बताउँदै सुशासन स्थापनाका लागि आर टी आई अभियानीहरुले निष्पक्ष रुपमा सूचनाको माग एवं सार्वजनिकीकरण गर्नुपर्ने धारणा राखे ।

मन्त्री साहले मधेश प्रदेश सरकारको रेडबुकमा परेको कामकाज कर्मचारीहरूले विभिन्न बहानामा गर्न नचाहेको बताउँदै त्यसका लागि सूचना अभियानीहरुले ध्यान दिनुपर्ने धारणा राखे ।

यसैगरी मधेश प्रदेशकी सञ्चार राज्यमन्त्री रुबीकुमारी कर्णले निष्पक्ष पत्रकारिता अहिलेको आवश्यकता रहेकोले दलिय स्वार्थभन्दा माथि उठेर स्वतन्त्रतापूर्वक कलम चलाउन सञ्चारकर्मीहरुलाई आग्रह गरिन् ।

मुलुकमा आएका परिवर्तनहरुमा सञ्चारकर्मीको ठुलो योगदान रहेको स्मरण गर्दै राज्यमन्त्री कर्णले राजनीतिक आस्था र विचारलाई थाति राखेर कलम चलाउन सके मात्र देश र जनताले राहत पाउने स्पष्ट गरिन ।

कार्यक्रममा आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले अनलाइन पत्रकारितालाई व्यवस्थित र प्रभावकारी बनाउन तालिमको आयोजना गरिएको बताए ।

अध्यक्ष यादवकै अध्यक्षतामा समापन कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य ललिता साह, महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, प्रशिक्षक सुरेन्द्र

***बाँकी अन्तिम पृष्ठमा***

## सम्पादकीय ....

# ध्वनी प्रदूषण अझै कायमै

विभिन्न वहानामा चर्को आवाजमा डिजे साउण्डदेखी अन्य ध्वनीहरु प्रवाह हुने क्रम जारि रहेको छ । कुनै चाडपर्व होस् वा विवाह, धार्मिक कार्यक्रम तथा राजनीतिक भाषणमा चर्को आवाजमा मुटु नै थर्किने गरि ध्वनी आउने गरेको छ । अदालतले जिल्ला प्रशासनसहित बिभिन्न सरकारी निकायको नाममा निर्देशनरुपी फैसला सुनाएको झण्डै एक दशक बित्नै लाग्दा पनि यो फैसलाप्रति निकायहरुको ध्यान पुग्न सकेको छैन् । अदालतको फैसला कार्यान्वयन गर्न प्रहरी, प्रशासन सहितका निकायहरु अगाडि नबढ्दा नगरका मुख्य बजारहरुमा अहिले पनि चर्को स्वरमा लाउडस्पिकर टाँग्ने र ध्वनी प्रदूषण गर्ने क्रम जारी नै रहेको छ ।

एक दशकअघि प्रहरीले डिजे साउण्डमा रोक लगाएपनि मुख्य चोकहरुमा साउण्ड घन्काउने काममा रोक लाग्न सकेको छैन् । चाहे राजनीतिको नाममा होस् या धार्मिक अथवा अन्य कुनै नाममा किननहोस् ध्वनी प्रदूषण गर्ने काम जारी रहेको छ । ध्वनी प्रदूषणले व्यक्तिको मानसिक तनाब बढाउनुका साथै मोवाइलमा कुरा गर्न समेत समस्या दिइरहेको परिप्रेक्ष्यमा पनि निकायहरुले ध्यान नदिनु जनताप्रति बेइमानी गर्नु हो ।

तसर्थ यस्ता गैरजिम्मेवार क्रियाकलापप्रति सम्बन्धीत निकायको ध्यान जानु अत्यन्त आवश्यक रहेको छ भने स्थानिय निकायले समेत यसप्रति चासो देखाएर नियन्त्रण गर्नेतर्फ कडा निर्देशन जारि गर्नु जरुरी देखिन्छ ।

# हैजा बिरामी बढेसँगै सतर्कता अपनाउन आग्रह

काठमाडौँ, १४ असार (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उपत्यकामा हैजाका बिरामी बढेसँगै सतर्कता अपनाउन आग्रह गरेको छ ।

मन्त्रालयले गर्मी तथा वर्षायाम सुरु भएसँगै हैजा, झाडापखाला जस्ता रोग फैलिरहेकाले सावधानी अपनाउन आग्रह गरेको छ । मन्त्रालयले खानेपानी, खाद्य पदार्थको गुणस्तरमा ध्यान दिन र सरसफाइमा ध्यान दिन आग्रह गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले हैजाको प्रकोप बढेकाले सर्वसाधारणलाई सतर्कता अपनाउन आग्रह गरिएको बताउनुभयो ।

उहाँले प्रदूषित खानेपानीले हैजा देखिएकाले खानेपानी शुद्धिकरण गरेर र उमालेर खान मात्र अनुरोध गर्नुभएको छ । अहिलेसम्म १२ जनामा हैजा देखिएको मन्त्रालयले जनाएको छ । दूषित खानेपानी कारणले हैजा देखिएको छ ।

झाडापखालाबाट बच्न चर्पीमा मात्र दिसापिसाब गर्ने, दिसापिसाब गरिसकेपछि साबुन पानीले मिचिमिची हात धुने, खाना बनाउने, खुवाउने र खाना खानुअघि साबुन पानीले मिचिमिची हात धुने, पानी उमालेर वा फिल्टर गरेर पिउने वा एक लिटर पानीमा तीन थोपा क्लोरिन झोल मिलाएर मात्रै पिउने गर्न आग्रह गरिएको छ । यस्तै बासी, सडेगलेको झिँगा भन्केको खानेकुरा नखान र खानेपानीको मुहान सफा र सुरक्षित राख्न पनि आग्रह गरिएको छ ।

पेट दुख्ने, बान्ता हुने, असाध्यै तिर्खा लाग्ने, पातलो दिसा हुने जस्ता लक्षण झाडापखलाको रहेको भन्दै मन्त्रालयले नजिकैको स्वास्थ्य संस्थामा उपचारका लागि जान आग्रह गरेको छ । यस्तै खान पिउन समेत नसक्ने गरी बिरामी भएमा, दिसामा रगत देखा परेमा, बारम्बार वान्ता भइरहेमा, ज्वरो आएमा र धेरै पटक पातलो दिसा गरेमा पनि अस्पताल लैजान भनिएको छ ।

**झाडापखला घरमा उपचार गर्न सकिन्छ**

यस्तै झाडापखलाको उपचार घरैमा गर्न सकिने मन्त्रालयले जनाएको छ । यदि झाडापखला भएमा झाडापखला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने, प्रसस्त मात्रामा सफा तथा झोल कुरा पटक-पटक खाने, नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक-पटक खुवाइरहने गर्नुपर्दछ ।

यस्तो बेलामा स्वास्थ्यकर्मीले सिफारिस गरेअनुसार जिङ्क चक्कीको मात्रा नविराइकन खुवाउने, व्यक्तिगत सरसफाइमा ध्यान दिने र स्वच्छ पानी तथा खाना खाने गर्नुपर्दछ ।

काठमाडौँ जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख वसन्त अधिकारीले बागबजार र डिल्लीबजारको खानेपानी प्रदूषित भएको पाएको बताउनुभयो । उहाँले ती ठाउँका पानीमा मानिसको दिसामा पाइने जिवाणु 'इकोलाई' पाइनुका साथै कोलिफर्मसमेत रहेको बताउनुभयो । हैजोको प्रकोप बढ्न थालेपछि सचेतना कार्यक्रम सञ्चालन गरिएको पनि उहाँले बताउनुभयो ।

**खानेपानीको अनुगमन**

यस्तै काठमाडौँ जिल्लामा हैजाको रोकथाम र नियन्त्रणका लागि खानेपानीको अनुगमन गरिने भएको छ । कार्यालयका प्रमुख अधिकारीका अनुसार जार, बोतल, तथा टयाङ्कर व्यवसायीले वितरण गरेको पानीको गुणस्तर अनुगमन गर्न खाद्य अनुगमन तथा गुणस्तर नियन्त्रण विभाग, जिल्ला प्रशासन तथा सुरक्षा निकायको संयुक्त टोलीले अनुगमन गर्ने भएको छ ।

यस्तै काठमाडौँ महानगरपालिकाबाट हैजा नियन्त्रणको लागि जनचेतनामूलक कार्यक्रम गर्न विद्यालय र वडा कार्यालयलाई पत्राचार गरिने भएको छ । काठमाडौँ उपत्यका खानेपानी लिमिटेडबाट खानेपानीको गुणस्तर सुधार गर्न हाल वितरीत पानीमा क्लोरिनको मात्रा वृद्धि गर्ने, जोखिम क्षेत्रमा पानीको नमूना सङ्कलन तथा परीक्षण गर्ने निर्णय भएको छ ।

# विद्यार्थी सफलताहासिल गर्न महत्वपूर्ण दक्षताहरूको पहिचान : डा. सञ्जीवपी साहनी



**दैनिक समाचारदाता**
**काठमाडौं, १४ असार ।**

भारतका प्रसिद्ध व्यवहार वैज्ञानिक प्रोफेसर अफएमिनेन्स (डा.) सञ्जीवपी साहनीले "विद्यार्थीहरू माझ व्यवहारजन्य दक्षता र कार्यसम्पादन अभिवृद्धि गरेर उनीहरूको सम्भावित क्षमतालाई अधिकतम बनाउने कुरामा जोड दिएका छन् ।

काठमाडौंस्थित होटल मेरियटमा आयोजित एक प्रेस सम्मेलनमा उनले सो कुरा बताउँदै कम्पिटेन्सी म्यापिङ प्रविधिमार्फत विद्यार्थीहरू बिच विभिन्न सामाजिक, भावनात्मक र संज्ञानात्मक क्षमताहरू अभिवृद्धि गर्ने बारे जोड दिए ।

उनले विद्यार्थीहरुको शैक्षिक प्रदर्शन, भावनात्मक सन्तुष्टि र करियर सफलतालाई कसरी उनीहरूको व्यवहार सम्बन्धी स्टिमुलाइले प्रभाव पार्ने बताए ।

विद्यार्थीहरूको सापेक्षिक सबल पक्ष र कमजोरीहरू बुझ्नु र तिनकै आधारमा उनीहरुले विकास गर्नुपर्ने मुख्य दक्षताहरू पहिचान गर्नु अत्यन्त आवश्यक हुने बताए । यो सबै विद्यार्थीहरुको टिमवर्क, नेतृत्वक्षमता र निर्णय लिनेक्षमता जस्ता क्षेत्रहरूमा उनीहरुको कौशलता पहिचान गर्ने र तिनकै आधारमा सुधारात्मक संयन्त्र निर्माण गर्ने कुरासँग सम्बन्धित रहेको डा. साहनीले भने ।

वर्ल्ड सोसाइटी अफ भिक्टिमोलजीको उपाध्यक्षमा समेत चुनिएका डा. साहनीले पछिल्ला वर्षहरूमा अन्वेषक र व्यवहार वैज्ञानिकहरूले विद्यार्थीहरूको कार्य सम्पादनमापनका लागि एक मुख्य तत्वको रूपमा दक्षताहरू पहिचान गर्नु पर्ने कुरामा विशेष ध्यान केन्द्रित गरे ।

उनले विद्यार्थीको शैक्षिक तथा सामाजिक कार्यसम्पादनमा सुधार गर्न श्रव्य दृश्य इन्फोटेनमेन्ट, सबलिमिनल ट्रेनिङ, ध्यान, स्पिड रिडिङ र मेमोरी गेम जस्ता उपायहरू प्रयोग गर्नुपर्नेमा जोड दिए ।

साहनीले ५० भन्दा बढी देशका २ लाखभन्दा बढी विद्यार्थी, विद्यालयका प्रधानाध्यापक, शिक्षक, उच्च सरकारी अधिकारी, उद्योग व्यवसायीलाई योग्यता नक्सा, व्यावसायिक सञ्चार, निर्णय लिने क्षमता, तनाव व्यवस्थापन, कार्यसम्पादन अभिवृद्धि, भावनात्मक बुद्धिमत्ता र शिक्षण अभ्यासहरू सम्बन्ध तालिम दिएका छन् । उनले अन्तर्राष्ट्रिय र राष्ट्रिय जर्नलहरूमा ४० भन्दा बढी अनुसन्धानमूलक लेखहरू प्रकाशित गरेका छन् भने १९ पुस्तकहरू पनि लेखेका छन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# धान दिवस : २७ अर्बको चामल र १५ अर्बको धान आयात

**रमेश लम्साल र नवीन पौडेल**
काठमाडौँ, १४ असार (रासस)।

असार १५ गते हरेक वर्ष आउँछ र जान्छ। सरकारले विसं २०६१ देखि हरेक वर्ष धान दिवस मनाउँदै आएको छ सोही दिनको छेको पारेर।

मुलुक कृषिप्रधान भएकाले पनि त्यसको महत्व दर्शाउन र धानको सर्वव्यापकता फैलाउनका लागि यो दिवस मनाउने गरिएको हो। हरेक वर्ष धान रोप्ने खेत क्रमशः घट्दै गएको छ। मलिलो र बढी उब्जनी हुने फराकिला फाँटमा आजकल धान होइन, कङ्क्रिटका जङ्गल बढ्दै गएको छ।

खेती गर्नेको आत्मसम्मान समेत बढ्न सकेको छैन। सोही कारण हरेक दिन विदेशिने युवाले पठाउने विप्रेषण खर्चबाटै चामल आयात हुने गरेको छ। भन्सार विभागले हरेक महिना सार्वजनिक गर्ने विवरण हेर्ने हो भने नेपालको परिचयमा समेटिएको 'कृषि प्रधान देश' भन्ने विशेषण पनि अब जिस्क्याएजस्तो हुन थालेको छ।

नेपालको कूल ग्राहस्थ उत्पादन (जिडीपी)मा कृषि क्षेत्रको योगदान २७ प्रतिशत बराबर रहेको विवरण केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको छ। हरेक वर्ष कृषि क्षेत्रको विकासका लागि भनेर गरिएको खर्चसमेत वास्तविक किसानले पाउन नसकेको अवस्था छ।

सोही अवस्थालाई ध्यानमा राखेर सरकारले आगामी आवको बजेटमा कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेको हो। किसानको आत्मसम्मान बढाउने कार्यक्रमसमेत बजेटमा स्पष्ट व्यवस्था गरिएको छ तर मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउने विषय केवल नारामै सीमित छ। मुलुकमा कृषि उपजको आयात बढ्दो देखिएको छ। खाद्यान्न आयातमा मुलुकको अर्बौं रकम बाहिरिरहेको तथ्याङ्क सार्वजनिक भएको छ।

भन्सार विभागले सार्वजनिक गरेको विवरणअनुसार मुलुकबाट जेठ मसान्तसम्म प्रमुख खाद्यान आयातमा अर्बौं रकम बाहिरिएको छ। विभागका अनुसार चालु आर्थिक वर्षको जेठ मसान्तसम्म रु २७ अर्ब १२ करोड एक लाख २३ हजार मूल्य बराबरको ४९ करोड ३० लाख ८१ हजार ८०३ केजी चामल आयात भएको छ। त्यसबाट सरकारले रु दुई अर्ब ५४ करोड ९२ लाख ८२ हजार बराबरको राजस्व सङ्कलन गरेको छ। भारतबाट मात्रै रु २६ अर्ब ९३ करोड २९ लाख १० हजार मूल्य बराबरमा ४९ करोड छ लाख ८६ हजार ९३५ केजी चामल आयात भएको छ।

त्यस्तै मुलुकमा रु १५ अर्बभन्दा बढीको धान आयात भएको छ। विभागका अनुसार चालु आवको पहिलो ११ महिनामा रु १५ अर्ब ९२ करोड ११ लाख ७७ हजार मूल्य बराबरको ५४ करोड दुई हजार १८० केजी धान आयात भएको छ। त्यसबाट सरकारले रु ७९ करोड ८० लाख ८७ हजार बराबरको राजस्व सङ्कलन गरेको छ। त्यस्तै धानको बीउमात्रै रु ८७ करोड पाँच लाख ७२ हजार बराबरको कूल ५१ लाख १५ हजार ३० केजी आयात भएको छ।

**सोह्र अर्बको मकै आयात**

विभागले सार्वजनिक गरेको विवरणमा मकैको आयातमा समेत अर्बौं रकम बाहिरिएको देखिन्छ। नेपालको हावापानी अनुकूल रहने मकैखेती व्यावसायिक बन्न नसक्दा यस्ता खाद्यान्नमा अर्बौं रकम विदेशिने गरेको हो। विभागको विवरणअनुसार चालु आवको जेठ मसान्तसम्म रु १६ अर्ब बढीको मकै आयात भएको देखिन्छ।

कूल ४७ करोड ५७ लाख ७३ हजार ११३ केजी मकै सो अवधिमा नेपाल भित्रिएको छ। त्यसको लागत मूल्यमात्रै रु १६ अर्ब ७५ करोड ३९ लाख ६२ हजार बराबर रहेको छ। यसैगरी सोही अवधिमा एक करोड ४९ लाख ७३ हजार १९६ केजी मकैको बीउ आयात भएको छ। त्यसको लागत मूल्य रु एक अर्ब आठ करोड १० लाख २५ हजार बराबर छ। मकै तथा यसको बीउको आयातबाट सरकारले रु ९३ करोड ३० लाख २२ हजार बराबरको राजस्व सङ्कलन गरेको छ।

**पाँच अर्बको गहुँ आयात**

विभागको विवरणनुसार गहुँको आयात पनि उस्तै छ। एघार महिनाको अवधिमा मात्रै रु पाँच अर्ब ६३ करोड नौ लाख ४५ हजार बराबरको १७ करोड पाँच लाख १७ हजार ९७३ केजी गहुँ आयात भएको छ। त्यस्तै कोदोको बीउ ११ लाख ४४ हजार ५४२ केजी रु तीन करोड ८२ लाख ६६ हजार मूल्य बराबरको आयात भएको छ।

यस अवधिमा एक करोड ७९ लाख २५ हजार ६०९ केजी बराबरको जौ रु एक अर्ब २१ करोड ८६ लाख ४८ हजार मूल्य बराबरमा आयात भएको छ। त्यस्तै रु तीन करोड ८२ लाख ६६ हजार मूल्यमा ११ लाख ४४ हजार ५४२ केजी कोदो आयात भएको छ। विभागका अनुसार यस अवधिमा रु १८ लाख २७ हजार मूल्यमा २७ हजार १२९ केजी फापर आयात भएको छ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?


नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### वार्ताबाट युक्रेन युद्ध टुङ्ग्याउन प्रधानमन्त्री मोदीको सुझाव

म्युनिख, १४ असार (रासस/एएनआई)।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आर्थिकरूपमा सम्पन्न देशको समूह (जी-सेभेन)को बैठकमा युक्रेन द्वन्द्व वार्ता र कूटनीतिक माध्यमबाट खाज्नुपर्नेमा जोड दिएका छन्।

'प्रधानमन्त्री मोदीले युक्रेन युद्धबारे भारतको अडान स्पष्ट गर्दै शत्रुताको तत्काल अन्त्य हुनुपर्ने र वार्ता र कूटनीतिको बाटो रोजेर समाधानमा पुग्नुपर्नेमा जोड दिएका' भारतका विदेश सचिव विनयमोहन क्वात्राले बताए।

युद्धले पूर्वी युरोपमाका साथै अन्य स्थानमा खाद्य सुरक्षामा परेको प्रभावको चर्चा गर्दै शान्ति प्रवर्द्धन एवम् द्वन्द्वको अन्त्य हुनुपर्ने प्रधानमन्त्री मोदीले जी सेभेन नेताहरूलाई बताएका उनले संवाददाताहरूलाई जानकारी दिए।

त्यसअघि प्रधानमन्त्री मोदीले रूसका राष्ट्रपति भ्लादिमिर पुटिनसँग कुरा गर्दै युक्रेन र रूसका राष्ट्रपतिबीचको प्रत्यक्ष वार्ताले जारी द्वन्द्व समाधान तथा शान्ति प्रयासमा ठूलो सहयोग पुग्ने सुझाव दिएका थिए। उनले युक्रेका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीसँग पनि वार्ता गर्दै द्वन्द्वबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गरेका थिए।

युक्रेन युद्ध पाँचौं महिनामा प्रवेश गरेको छ। दुई देशबीच द्वन्द्व जारी रहँदा युरोपेली देशमा इन्धन आपूर्ति प्रभावित भएको छ भने खाद्य सङ्कटको चुनौती थपिएको छ। सोमबार किएभस्थित किनमेल घरमा भएको भीषण आक्रमणलाई लिएर युक्रेनले रूसमाथि युद्ध अपराधको आरोप लगाएको छ।

एकहजारभन्दा बढी सर्वसाधारण किनमेलमा व्यस्त भएका बेला गैरसैनिक क्षेत्रमा रूसी फौजले गरेको आक्रमणको युक्रेनी राष्ट्रपतिले निन्दा गरेका छन्।

### अफगानिस्तानका भूकम्पपीडितलाई चीनको सहयोग

काबुल, १४ असार (रासस/सिन्ह्वा)।

अफगानिस्तानका भूकम्प पीडितलाई चीनले मानवीय सहयोग गरेको छ। चीनले प्रदान गरेका राहत सामग्रीको पहिलो खेप सोमबार यहाँ आइपुगेको हो।

चिनियाँ अधिकारीका अनुसार सहायता सामग्री सोमबार नै अफगानिस्तान सरकारलाई हस्तान्तरण गरिएको छ।

पहिलो खेपमा प्राप्त सामग्रीमा त्रिपाल, लत्ताकपडा, खाद्यान्न तथा औषधि छन्। अफगानिस्तानका लागि चीनका राजदूत वाङ युले राहत सामग्री तालिबान सरकारका प्रकोप व्यवस्थापनसम्बन्धी कार्यबाहकमन्त्री गुलाम घवासलाई हस्तान्तरण गरेका हुन्। ष्टि

काबुल विमानस्थलमा नै एक कार्यक्रमको आयोजना गरेर ती सामग्री हस्तान्तरण गरिएको हो। त्यस अवसरमा राजदूत वाङले अफगानिस्तानलाई पाँच करोड युआन उपलब्ध गराउने निर्णय चीन सरकारले गरेको जानकारी पनि दिएका थिए। राजदूत वाङले घोषित सहयोगबाट नै राहत सामग्रीको पहिलो खेप प्रदान गरिएको उनले बताए।

यही असार ८ गतेको शक्तिशाली भूकम्पमा परी एक हजार एकसय पचासभन्दा बढीको ज्यान गएको र दुई हजारभन्दा बढी घाइते भएका बताइएको छ। अफगान भूकम्प पीडितलाई छिमेकी पाकिस्तान, भारत, युरोपेली सङ्घमा आवद्ध देशका साथै अन्य एशियाली मुलुकले पनि सहयोग गरिरहेका छन्।

### दिल्लीमा ९७० कोरोनाका नयाँ संक्रमति

नयाँदिल्ली, १४ असार (रासस/सिन्ह्वा)।

सोमबार मध्यराति अर्थात २४ घण्टाको समयावधीमा भारतको दिल्ली शहरमा कोरोना भाइरसबाट थप ९७० सङ्क्रमित भएका दिल्ली सरकारले प्रकाशन गरेको स्वास्थ्य बुलेटिनमा जानकारी दिएको छ।

सो बुलेटिनका अनुसार २४ घण्टाको समयाअवधीमा एक हजार २३८ जना कोरोनाका बिरामी निको भएका छन्। यस शहरमा कोरोना शुरु भएबाट हालसम्म १८ लाख ६५ हजार ७५५ जना कोरोनाका बिरामी निको भएका समाचारमा जनाइएको छ।

दिल्ली शहरमा कोरोनाको महामारीबाट उक्त समयमा एक व्यक्तिको मृत्यु भएको छ। यस शहरमा कोरोना शुरु भएदेखि हालसम्म २६ हजार १८४ ले ज्यान गुमाएका छन्। यस शहरमा सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार २०२ रहेका जनाइएको छ। हाल भारतमा कोरोनाका कुल सङ्क्रमितको सङ्ख्या चार करोड चार करोड ३४ लाखभन्दा बढी पुगेको छ।

भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्व ९६ करोड ८४ लाख डोजभन्दा बढी खोप लगाइएको समाचारमा जनाइएको छ। दिल्ली शहरमा मात्र तीन करोड ३८ लाख एक हजार ६८७ डोज खोप लगाइएको समाचारमा जनाइएको छ।

भारतमा कोरोना सङ्क्रमण शुरु भएबाट हालसम्म ८६ करोडभन्दा बढीको कोरोना भाइरस परीक्षण भएको बताइएको छ।

# गुडिरहेको ट्रकमा आगलागी



**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

सप्तरीमा गुडिरहेको एक ट्रकमा सोमबार राती आगलागी भएको छ ।

पूर्व पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित भारदह-कोशी व्यारेज सडक खण्डमा सोमबार मध्यराती ना.६.ख.५२६३ नम्बर ट्रकमा आगलागी भएको हो ।

पुर्वबाट पश्चिम तर्फ जाँदै गरेको उक्त ट्रकमा राती १२ बजे तीर अचानक आगलागी भएको प्रहरीले जनाएको छ । आगलागीले ट्रकको अग्रभाग पुर्णरुपमा क्षतिग्रस्त भएको छ ।

आगलागी भएको खबर पाए लगतै सशस्त्र प्रहरी वेशक्याम्प भारदहबाट प्रहरी निरिक्षक किसमान तामाङ्गको नेतृत्वमा प्रहरी टोली घट्नास्थल पुगेको थियो । हनुमाननगर कंकालिनी नगरपालिकाको बारुणयन्त्र, प्रहरी र स्थानीयवासीको सहयोगले आगो माथी नियन्त्रण कायम गरिएको थियो ।

अनुसन्धानको क्रममा ट्रकको इन्जिनमा रहेको वायरिङ्ग सर्ट भई उक्त आगलागी भएको खुलेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### मलमूत्र खुवाएको ...

सिरहाका निमित्त प्रवक्ता प्रहरी निरीक्षक रामचन्द्र साहले जानकारी दिनुभयो । पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय लहानमा राखेर बोक्सी आरोप कसुर मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएको प्रहरी निरीक्षक साहले बताउनुभयो ।

# मनसुन थप सक्रिय, सतर्कता अपनाउन आग्रह

काठमाडौँ, १४ असार (रासस) ।

आगामी तीन दिन मनसुन थप सक्रिय हुने भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार मंगलबारदेखि बिहीबारसम्म मनसुनको न्यून चापीय रेखा नेपालको तराई भूभाग नजिक आइपुग्ने सम्भावना रहेकाले मनसुन थप सक्रिय हुने देखिएको छ ।

आगामी तीन दिन देशको पहाडी भूभागमा पहिरो तथा गेग्रचान बहावको जोखिम रहनाका साथै ठूला तथा साना नदीनाला र खोलामा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउन सर्वसाधारण तथा सबै सरोकारवाला निकायमा विभागले अनुरोध गरेको छ ।

मङ्गलबार रातिदेखि बुधबार प्रदेश नं १, मधेस प्रदेश, बागमती, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका अधिकांश स्थानमा मध्यम वर्षा/झरी भई केही स्थानमा भारी वर्षा र केही स्थानम भारी वर्षाको सम्भावना रहेको छ । सदूरपश्चिम प्रदेशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा/झरी भई यस प्रदेशका तराई भूभागका केही स्थानमा भारी वर्षाको समेत सम्भावनाका साथै कर्णाली प्रदेशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा/झरी भई एक-दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको जनाएको छ ।

बुधबार देशभर सामान्यदेखि पूर्ण बदली भई देशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रही प्रदेश नं नं १, मधेस प्रदेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारी वर्षा र थोरै स्थानमा धेरै भारी वर्षाको पनि सम्भावना रहेको छ । सुदूरपश्चिम प्रदेशको थोरै स्थानमा भारी वर्षा र कर्णाली प्रदेशको एक-दुई स्थानमा पनि भारी वर्षाको सम्भावना रहेको छ ।

बिहीबार गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा/झरी र केही स्थानमा भारी वर्षाको सम्भावना रहेको छ । बाँकी प्रदेशमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको छ ।

# कोशीमा पानीको बहाव बढ्यो

**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

सप्तकोसी नदीमा पानीको बहाव मंगलबार ह्वात्तै बढेको छ । सोमबार रातिदेखि पूर्वी पहाडी तथा तराई क्षेत्रमा भारी वर्षाका कारण सप्तकोसीमा पानीको बहाव बढेको हो ।

कोसी ब्यारेजका अनुसार मंगलबार सप्तकोसीमा पानीको बहाव १ लाख २६ हजार ५०५ क्युसेक प्रतिसेकेण्ड रहेको छ । कोसी ब्यारेजका ५६ ढोकामध्ये अहिले १६ ढोका खोलिएका छन् ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले पानीको बहाव बढ्दो क्रममा रहे पनि तटबन्ध र स्पर सुरक्षित रहेको जानकारी दिए ।

यसैबीच कोसीको तटीय क्षेत्रका बासिन्दालाई स्थानीय प्रशासन कार्यालयले सतर्कता अपनाउन आग्रह गरेको छ ।

### सुशासन तथा ...

गुप्ता, अबधेश झा, लगायतले मन्तव्य दिएका थिए ।

प्राधिकरणका सदस्य प्रतिमा साहद्वारा संचालित कार्यक्रममा प्राधिकरणका प्रशासकीय प्रमुख उपेन्द्र कुमार सिंह लगायत विभिन्न संचारकर्मिहरुको उपस्थिति रहेको थियो । सम्पन्न तालिममा प्रदेशका विभिन्न जिल्ला गरी २७ जना सहभागी रहेका थिए ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५



## राजविराज नगरपालिका कार्यालय
## राजविराज, सप्तरी

**आ.ब. २०७९/०८० का लागि विभिन्न ठेक्काहरुको प्रकाशित सिलबन्दी बोलपत्र सूचनाको शर्तहरुको बुँदा नं. ५ सन्सोधन गरिएको सूचना**

५. शिलबन्दी कोटेशनका साथ निवेदकले व्यवसाय प्रमाणपत्रको प्रतिलिपि, फर्म, संघ संस्थाहरुको प्रमाणपत्र र चालु आ.ब. नविकरण गरिएको प्रमाण र उद्योग बाणिज्य संघ सप्तरीको सिफारिस पेश गर्नुपर्ने छ ।



हाम्रो स्वाभिमान, कृषि कर्मको सम्मान

धान रोपौं, खाद्यान्नमा आत्मनिर्भर बनौं

राष्ट्रिय धान दिवस (असार १५) भव्य रुपमा मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*